# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

# भग्नावशेष तथा निर्माण सामग्री व्यवस्थापनसम्बन्धी सूचना

२०७२ सालको विनाशकारी भूकम्पबाट क्षतिग्रस्त सम्पदा तथा व्यक्तिगत घरहरु अहिले पनि भत्काउने र पुनःनिर्माण गर्ने कार्य भइरहेको सर्वविदित्तै छ। आदरणीय नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरुले आ-आफ्नो घर भत्काउँदा र पुनःनिर्माण गर्दा राखिएका निर्माण सामग्रीहरुको कारण सडक, चोक र गल्लीहरुमा आवतजावत गर्न तथा सरसफाइ, खानेपानीलगायत एम्बुलेन्स र दमकलजस्ता आपतकालीन सेवा पुर्‍याउनसमेत बाधा पुगिरहेको छ। हाम्रो स्थानीय पर्व बिस्केट जात्रा पनि नजिकिदै आएको हुँदा जात्रास्थल वरिपरका क्षेत्र र भक्तपुरको मूल बजारमा भग्नावशेष एवं निर्माण सामग्री नराख्नुहुन र कारणवश राखिएको त्यस्ता सामग्रीहरु अविलम्ब हटाई सहयोग गर्नुहुन सम्पूर्ण नगरवासीहरुमा हार्दिक अनुरोध गर्दछ।